## पुर्चौडी नगर कार्यपालिकाको ८१ औं बैठकको उपस्थिती :

### बैठक नं - १

आज मिति २०८१ साल असोज ०९ गते बुधबारका दिन यस पुर्चौडी नगरपालिकाका आदरणीय नगर प्रमुख श्री दीपक बहादुर बम ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ८१ औं बैठक बसी तपसिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुज्यूको समुपस्थितीमा तपसिलका प्रस्तावहरु उपर आवश्यक छलफल गरि निम्न बमोजिमका निर्णयहरु पारित सर्व-सहमतीबाट गरियो ।

**तपसिल :**

| सि नं | पदाधिकारीहरुको नाम थर | पद | स्थायी ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री दीपक बहादुर बम | नगर प्रमुख | पु.न.पा. १ | 9858423505 | |
| २ | श्रीमती मिना धानुक | नगर उप प्रमुख | पु.न.पा. १ | 9858490144 | |
| ३ | श्रि गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा. १ | 9868779155 | |
| ४ | श्री चक्र बहादु बम | वडा अध्यक्ष | पु.न.पा. २ | 9864654086 | |
| ५ | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा. ३ | 9868774231 | |
| ६ | श्री दिल बहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा. ४ | 9848533483 | |
| ७ | श्री नागी सिँह खडायत | वडा अध्यक्ष | पु.न.पा. ५ | 9863098440 | |
| ८ | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा. ६ | 9848996546 | |
| ९ | श्री धिरेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा. ७ | 9848901981 | |
| १० | श्री विर बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा. ८ | 9848787214 | |
| ११ | श्री रम्बा बोहरा | वडा अध्यक्ष | पु.न.पा. ९ | 9868593896 | |
| १२ | श्री हिक्मत बहादुर विष्ट | वडा अध्यक्ष | पु.न.पा. १० | 9868494753 | |
| १३ | श्री ऐते लुहार | दलित सदस्य | पु.न.पा. ३ | 9742915012 | |
| १४ | श्री अस्मिता पार्की | दलित सदस्य | पु.न.पा. ५ | 9868306062 | |
| १५ | श्री बागमति लुहार चुनारा | दलित सदस्य | पु.न.पा. ४ | 9865886573 | |
| १६ | श्री मानमति बम चन्द | महिला सदस्य | पु.न.पा. ८ | 9868592346 | |
| १७ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा. ६ | 9745584311 | |
| १८ | श्री लक्ष्मी विष्ट | महिला सदस्य | पु.न.पा. १० | 9865645722 | |
| १९ | श्री धाना कुमारी महरा ऐर | महिला सदस्य | पु.न.पा. ७ | 9865679914 | |
| २० | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा. १ | 9869505892 | |
| २१ | श्री जगदिश प्रसाद जोशी | सदस्य सचिव | दोगडाकेदार ३ | 9848841745 | |

२२. नागी सिंह खडायत का.वा. वडाअध्यक्ष (पु.न.पा. ६) ९८६३०९८४९४

आमन्त्रित

१.

२.

मिति : २०८१।०६।०९

**कार्यपालिका समक्ष पेश गरिएका प्रस्तावहरु :**

**प्रस्ताव नं १**– प्रमुख प्रशासकीय अधिकृत ज्युको स्वागत गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं २**– जनशक्ति पदपूर्ती गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ३**– करार सम्झौता नविकरण सम्वन्धमा ।

**प्रस्ताव नं ४**– योजना सम्झौता शिविर संचालन सम्बन्धमा ।

**प्रस्ताव नं ५**– नव-निर्मित नगर प्रशासकीय भवन समुद्घाटन सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १**– प्रस्ताव नं १ माथि आवश्यक छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरबार काठमाडौँको च नं २४६, मिति २०८१।०५।२६ एवं च नं ३७९, मिति २०८१।०५।१९ गतेको पत्रानुसार यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत खटिई आउनु भएका श्री जगदिश प्रसाद जोशी (क सं नं २४५०८०) ज्यूलाई पुचौंडी नगर कार्यपालिकाको तर्फबाट हार्दिक स्वागत गरि सफल, सुखद एवं सबल कार्यकालको शुभकामना प्रदान गरियो । यसका साथै, यस कार्यालयमा निज रमाना लिई हाजिर हुनु पुर्व कार्यालय संचालनको क्रममा सिर्जना भएका सवै किसिमका आर्थिक दायित्वहरुलाई अनुमोदन गरी भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २**– प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा यस नगरपालिका र मातहतका कार्यालयहरुमा रिक्त रहेका तपसिल बमोजिमका विभिन्न सेवा, समुह र तह अन्तर्गतका पदहरुमा सेवा करार एवं दैनिक ज्यालादारीमा जनशक्ति पदपूर्ति गर्ने निर्णय पारित गरियो ।

**तपसिल**

| सि नं | सेवा/समुह | तह | पद | कैफियत |
|---|---|---|---|---|
| १ | ईन्जिनियरिङ/सिभिल | अधिकृत छैटौं | Engineer | |
| २ | ईन्जिनियरिङ/सिभिल | सहायक पाँचौ/चौथो | Sub/Asst. Sub Engineer | |
| ३ | स्वास्थ्य/प हे न/क.न | सहायक चौथो | अ न मि | |
| ४ | स्वास्थ्य/मे ल्या टे | सहायक पाँचौ | ल्याव टेक्निसियन | |
| ५ | स्वास्थ्य/विविध | सहायक पाँचौ | नेत्र सहायक | |

साथै नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी एवं अन्य स्वास्थ्य सँस्थाहरुमा मौजुद रहेका जनशक्तीहरु मध्येबाट ऐ नगरपालिका वडा नं ५ मा रहेको खानीडाँडा वर्थिङ सेन्टरमा रिक्त रहेको अ न मि पदमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**– प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा यस पुचौंडी नगरपालिका वडा नं ५ को कार्यालयमा सेवा करार अन्तर्गत कार्यालय सहायक पदमा मिति २०६६ साल देखि कार्यरत रहेका कर्मचारी श्री पुष्पा कुँवर विगत

प्रमाणित

नगर प्रमुख

२०८० माघ देखि स्वास्थ्य समस्याको कारण कार्यालयमा अनुपस्थित रहेकोले निजको करार सेवा सम्झौता सो समयावधी देखि नवीकरण नभएकोले यहि मिति २०८१।०६।१० गते देखि लागु हुने गरि निजको करार सेवा सम्झौता नवीकरण गर्ने र सोको लागि प्रमुख प्रशासकीय अधिकृत ज्यू लाई निर्देशन गर्ने निर्णय पारित गरियो।

<u>निर्णय नं ४</u>– प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा यस पुर्चौडी नगरपालिकाको चालु आ व २०८१।०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत विनियोजन भई उपभोक्ता समितीबाट संचालन हुने योजनाहरुको कार्यान्वयनको लागि यहि मिति २०८१।०७।१० गते सम्ममा उपभोक्ता समिती गठन गर्ने र मिति २०८१।०८।३० गते सम्ममा सम्पन्न गर्ने गरी सम्बन्धित १० वटै वडा कार्यालयहरुमा **योजना सम्झौता शिविर** संचालन गर्ने निर्णय गरियो। साथै सम्बन्धित योजना उपभोक्ता समिती पदाधिकारीहरुलाई कन्टिन्जेन्सी शिर्षकबाट व्यहोर्ने गरि आवश्यक अभिमुखिकरण तालिम समेत प्रदान गर्ने निर्णय गरियो।

<u>निर्णय नं ५</u>– प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको नव निर्मित नगर प्रशासकीय भवनबाट सेवा प्रवाह गर्न सम्पुर्ण नगर कार्यपालिका तथा नगरसभा सदस्य ज्युहरु लगायत अन्य विशिष्ट व्यक्तित्वहरुको समुपस्थितीमा यहि मिति २०८१।०६।१७ गते सुदुरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाह र आदरणीय नगर प्रमुख श्री दीपक बहादुर बम ज्यूको संयुक्त बाहलीबाट समुदघाटन गर्ने निर्णय पारित गरियो।

श्रदेय नगर प्रमुख ज्यू को आदेशानुसार बैठक सम्पन्न गरियो।

२०८१ साल असोज ०९ गते बुधबार शुभम्।

नगर प्रमुख